राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २६९ २०८३ वैशाख २० गते आईतवार (3 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## राष्ट्रपति पौडेलद्वारा थप तीन अध्यादेश जारी



दैनिक समाचारदाता
काठमाडौँ १९ वैशाख । राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार तीनवटा नयाँ अध्यादेश जारी गरेका छन्। नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम ती अध्यादेशहरू जारी गरेका हुन्। राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यका अनुसार जारी गरिएका अध्यादेशहरूमा 'स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३', 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' र 'विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३' रहेका छन्। शुक्रबार राष्ट्रपति पौडेलले सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्) निवारण तेस्रो संशोधन अध्यादेश,२०८३ जारी गरेका हुन्। यसअघि राष्ट्रपतिले सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश २०८३ र सहकारीसम्बन्धी अध्यादेश जारी गरेका थिए। संसद्को अधिवेशन रोकेर सरकारले तत्काल आवश्यक ठानेका यी विषयहरूलाई कानुनी रूप दिन अध्यादेशको बाटो रोजिएको हो।

# बाढीले भत्कायो कमला नदीको डाइभर्सन
# सिरहा–धनुषा आवतजावत ठप्प



दैनिक समाचारदाता
सिरहा १९ वैशाख। दुईदिनको वर्षाले सिरहा र धनुषा जोड्ने निर्माणाधीन कमलाको पुल नजिक बनाइएको अस्थायी डाइभर्सन पुनः भत्किएको छ। डाईभर्सन भत्किँदा दुई जिल्लाबीचको आवतजावत पूर्ण रूपमा प्रभावित भएको छ।

केही दिनअघि सामान्य वर्षाले क्षति पुऱ्याएको उक्त डाइभर्सन मर्मत गरी सञ्चालनमा ल्याइएको थियो। तर बिहीबार रातिदेखि परेको वर्षाका कारण शनिबार बिहान डाइभर्सन फेरि बगेको छ।

पुल क्षेत्रभन्दा करिब ३०० मिटर अगाडि बनाइएको माटो तथा बालुवाको अस्थायी बाँध बाढीले बगाएपछि सयौं सवारीसाधन बाटोमै अलपत्र परेका छन् भने यात्रुहरूलाई गन्तव्य पुग्न निकै समस्या भएको छ।

सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले निरन्तर वर्षा र कमला नदीमा पानीको बहाव बढेकाले अस्थायी संरचना क्षतिग्रस्त भएको बताए। पश्चिमतर्फ हाल पानीको बहाव उच्च रहेकाले यथार्थ अवस्था बुझ्न कठिन छ। पानीको सतह घटेपछि नगरपालिकाको जेसीबी प्रयोग गरी पुनः बाँध निर्माण गरिने उनले जान्कारी दिए।

जिल्ला प्रहरी कार्यालय

*बाँकी पृष्ठ ४मा*

## निर्माणाधीन पुल सातपटक म्याद थप

२०६८ जेठमा पप्पु-लुम्बिनी जेभीसँग २४ करोड ९१ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको उक्त पुल २०७१ मंसिरमै सम्पन्न हुनुपर्ने थियो। तर हालसम्म निर्माण पूरा नभएर सात पटक म्याद थप भइसकेको छ। निर्माणकै क्रममा २०७८ असार १७ मा आएको बाढीले पुलका दुई वटा जग भासिँदा चार वटा स्ल्याबमा क्षति पुगेको थियो। तीमध्ये सिरहातर्फका दुई स्ल्याब हटाइसकिएको छ भने धनुषातर्फका दुई स्ल्याब सुरक्षित रहेको प्राविधिक अध्ययनले देखाएको छ।

## जेनजीलाई नेतृत्वमा ल्याउने नेकपाको घोषणा

दैनिक समाचारदाता
काठमाडौँ १९ वैशाख। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले ६ बुँदे तत्कालीन कार्ययोजनाको रूपरेखा सार्वजनिक गरेको छ। उक्त योजनामा पार्टी संरचनामा आमूल परिवर्तन गर्ने घोषणा गरिएको छ।




पार्टीको केन्द्रीय कार्यसंयोजन समितिको बैठकले पारित गरेको योजनाअनुसार अब वडादेखि केन्द्रसम्म निर्वाचित हुने सबै कमिटीमा युवा तथा 'नव-युवा' (जेनजी) को सहभागिता ५० प्रतिशत पुऱ्याइने भएको छ। शनिबार प्रवक्ता प्रकाश ज्वालाद्वारा जारी विज्ञप्तिमा उक्त जानकारी दिइएको हो। बैठकले युवा पुस्तालाई नेतृत्वमा स्थापित गर्न अनुभवी तथा प्रौढ नेतासँगै नयाँ पुस्ताको समावेशिता अनिवार्य बनाएको जनाएको छ। आगामी मंसिरको दोस्रो हप्तामा आयोजना हुने एकता राष्ट्रिय महाधिवेशनबाट यस योजनालाई पूर्णता दिने लक्ष्य राखिएको छ।

पार्टीले राजनीतिक मात्र नभई साङ्गठनिक तथा सांस्कृतिक स्पष्टतासहित पुनर्गठन प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ। कार्ययोजनामा संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि देशभक्त शक्तिबीच साझा समझदारी कायम गर्ने तथा सडक र सदन दुवै मोर्चाबाट सशक्त भूमिका निर्वाह गर्ने उल्लेख गरिएको छ। साथै, समग्र कम्युनिस्ट आन्दोलनको पुनर्गठन र एकीकृत पार्टी निर्माणका लागि विशेष पहल गर्ने योजना पनि अघि सारिएको छ।

पार्टीका कार्यकर्ता तथा पंक्तिलाई नियमित रूपमा उत्पादन र श्रमसँग जोड्ने अभियान सञ्चालन गर्ने विषयलाई पनि प्राथमिकताका साथ समेटिएको छ।अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको कामलाई वैचारिक र कूटनीतिक रूपमा प्रभावकारी ढङ्गले अघि बढाउने तथा साङ्गठनिक समायोजनको काम जेठ मसान्तभित्र सम्पन्न गर्ने गरी मार्गचित्र तय गरिएको प्रवक्ता ज्वालाले बताएका छन्।


अब अनलाइनबाट बुकिङ्को सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# आकार होइन, असरमुखी बजेट आवश्यक

मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया अघि बढाउँदै बजेटको आकार घटाएर कार्यान्वयनयोग्य बनाउने संकेत दिएको छ। विगतका अनुभवबाट पाठ सिक्दै यथार्थपरक, परिणाममुखी र खर्च गर्न सकिने बजेट निर्माण गर्ने तयारी सकारात्मक कदम हो। प्रदेश सरकारको यो सोच केवल आर्थिक अनुशासनको विषय मात्र होइन, विकासप्रतिको जिम्मेवार दृष्टिकोण पनि हो।

संघीयता कार्यान्वयनपछि प्रदेश सरकारले हरेक वर्ष ठूलो आकारको बजेट ल्याउने होड नै चलायो। तर वास्तविकता के रह्यो भने अधिकांश बजेट खर्च हुन सकेन। योजनाहरू अधुरा रहे, विकास निर्माण प्रभावित भयो र आर्थिक अनुशासन कमजोर बन्दै गयो। अनुमानका भरमा बनाइएका बजेटले जनतामा आशा त जगायो, तर व्यवहारमा निराशा मात्रै थप्यो। यही कारण अहिले बजेटको आकारभन्दा त्यसको प्रभावकारितामा ध्यान दिनु समयसापेक्ष निर्णय हो।

चालु आर्थिक वर्षमा मधेस सरकारले करिब ४७ अर्ब रुपैयाँको बजेट ल्याएको थियो। तर आगामी वर्षका लागि त्यसलाई घटाएर ३२ अर्ब रुपैयाँभित्र सीमित गर्ने तयारी गरिएको छ। यो निर्णयलाई केवल बजेट कटौतीका रूपमा बुझ्नु हुँदैन। बरु, उपलब्ध स्रोत र राजस्वको वास्तविक अवस्थालाई ध्यानमा राखेर बनाइएको व्यावहारिक योजना मान्नुपर्छ। कार्यान्वयन गर्न नसकिने ठूलो बजेटभन्दा सीमित तर प्रभावकारी बजेट नै जनताका लागि उपयोगी हुन्छ।

प्रदेश सरकारको अर्को महत्वपूर्ण संकेत भनेको साना तथा टुक्रे योजनालाई निरुत्साहित गर्ने नीति हो। विगतमा राजनीतिक दबाब र पहुँचका आधारमा स-साना योजनामा बजेट बाँडफाँट हुँदा न त दीर्घकालीन विकास सम्भव भयो, न त योजनाले अपेक्षित प्रतिफल दिन सके। सडक, सिंचाइ, स्वास्थ्य, शिक्षा वा कृषि जस्ता क्षेत्रमा ठूला तथा मझौला योजनामा केन्द्रित हुनु अहिलेको आवश्यकता हो। कम्तीमा एक करोड रुपैयाँभन्दा माथिका योजनालाई मात्रै प्राथमिकता दिने सोचले स्रोतको छरपस्ट प्रयोगलाई केही हदसम्म नियन्त्रण गर्न सक्छ।

यद्यपि, केवल योजना ठूलो बनाउँदैमा विकास सुनिश्चित हुँदैन। मुख्य कुरा पारदर्शिता, गुणस्तर र समयमै कार्यान्वयन हो। मधेस प्रदेशमा विकास योजनामा हुने ढिलासुस्ती, कमिसन संस्कृति, राजनीतिक हस्तक्षेप र कमजोर अनुगमन पुरानै समस्या हुन्। यदि यिनै प्रवृत्ति दोहोरिने हो भने बजेट सानो होस् वा ठूलो, परिणाम फेरिने छैन। त्यसैले सरकारले बजेट निर्माणसँगै कार्यान्वयन संयन्त्रलाई पनि बलियो बनाउनुपर्छ।

स्थानीय तहसँगको अन्तरवित्तीय हस्तान्तरण प्रणाली परिवर्तन गर्ने तयारीलाई पनि सकारात्मक रूपमा लिन सकिन्छ। स्थानीय तहबाटै योजना प्रस्ताव माग गर्ने र प्रदेश सरकारले भुक्तानी प्रक्रिया सञ्चालन गर्ने प्रणालीले केही हदसम्म पारदर्शिता र उत्तरदायित्व बढाउन सक्छ। तर यसका लागि प्रदेश र स्थानीय तहबीच समन्वय, स्पष्ट कार्यविधि र डिजिटल अनुगमन प्रणाली आवश्यक हुन्छ। अन्यथा नयाँ प्रणाली पनि पुरानै समस्याको शिकार बन्न सक्छ।

मधेस प्रदेश आर्थिक रूपमा अझै संघीय अनुदानमा निर्भर छ। आन्तरिक राजस्व वृद्धि, उद्योग-व्यवसाय प्रवर्द्धन, कृषि आधुनिकीकरण तथा रोजगार सिर्जना जस्ता क्षेत्रमा दीर्घकालीन नीति बिना प्रदेशको आर्थिक अवस्था सुदृढ हुन सक्दैन। बजेटको आकार घटाउनु बाध्यता हुन सक्छ, तर त्यसलाई अवसरमा बदल्ने क्षमता सरकारसँग हुनुपर्छ।

आज आवश्यकता ठूलो भाषण वा आकर्षक अंकको होइन, जनताले प्रत्यक्ष महसुस गर्न सक्ने विकासको हो। सडक समयमै बन्ने, किसानले सिंचाइ पाउने, विद्यालय र अस्पतालको अवस्था सुधारिने तथा युवाले रोजगारीको अवसर पाउने अवस्था सिर्जना गर्न सके मात्रै बजेट सफल मानिन्छ। मधेस सरकारले यसपटक “आकारभन्दा असर” को नीति लिएको दाबी गरेको छ। अब त्यो दाबी व्यवहारमा कति सफल हुन्छ भन्ने परीक्षा आगामी बजेट कार्यान्वयनले नै दिनेछ।

# सहरी सौन्दर्यकरणको राजनीति

*डा. दीपेश घिमिरे*

काठमाडौं उपत्यकालगायतका प्रमुख सहरी क्षेत्रमा सुकुम्वासी बस्ती खाली गर्ने अभियान चलिरहेको छ। ‘पहिले डोजर, पछि समाधान’ भन्ने सरकारी शैली समाजशास्त्रीय बहसको विषय हो। यसले राज्यको चरित्र, सहरको स्वरूप र नागरिकको अधिकारबिचको द्वन्द्वलाई बुझाइदिन्छ।


सरकारले वर्षौंदेखि सुकुम्वासीको लगत सङ्कलन, वर्गीकरण र पुनर्वासको प्रतिबद्धता जनाउँदै आएको थियो। परिचयपत्र बाँडेको थियो, आश्वासन दिएको थियो। ‘पुनर्स्थापनाको विकल्पमै छलफल नगरी यस्ता बस्ती तत्काल हटाउने निर्णय किन लिइयो ?’ भन्ने प्रश्नको जवाफ खोज्ने हो भने राज्यको प्राथमिकता र शासकीय सोचलाई बुझ्न सघाउँदछ।

यसलाई सहरी सौन्दर्यकरणको राजनीति भनेर बुझ्नु उपयुक्त हुन्छ। यस्तो राजनीतिमा सहरलाई आधुनिक, सफा, भव्य र व्यवस्थित देखाउने नाममा गरिबलाई सहरबाट बाहिर लखेट्ने प्रयास गरिन्छ। उनीहरूको आधारभूत अधिकारलाई समेत ख्याल गरिँदैन।

सहरी सौन्दर्यकरणको राजनीतिले सहरलाई प्रदर्शनको वस्तु बनाउने गर्दछ। सहरलाई जीवन्त सामाजिक संरचनाको रूपमा नभई बाहिरी रूपमा आकर्षक देखिने स्थानको रूपमा लिने गरेको पाइन्छ।

यस प्रक्रियामा शासकले गरिबी, असमानता र सुकुम्वासी बस्तीहरूलाई सहरी समस्याको रूपमा लिने गर्दछन्। अनि गरिबीको कारण र संरचनात्मक असमानताको मूल जरा नखोजी, त्यसका लक्षणहरूलाई हटाउने प्रयास गर्दछन्।

राज्यको कार्यशैली र भूमिकालाई बुझ्न राज्यको प्रकृति बुझ्नु आवश्यक छ। सैद्धान्तिक रूपमा सबै नागरिकप्रति समान व्यवहार गर्ने अभिभावकीय संस्थाको रूपमा राज्यलाई लिने गरिन्छ, तर व्यवहारमा राज्यको चरित्र वा प्रकृति भिन्न देखिन्छ।




राज्य प्रायः शक्तिशाली, सम्पन्न र पहुँचयुक्त अभिजात वर्गको स्वार्थपूर्तिको साधन बन्ने गर्दछ। यो झुकाव प्रत्यक्ष मात्र होइन, नीतिगत र संरचनात्मक रूपमा पनि प्रकट हुन्छ। उदाहरणका लागि, सहर विकासका नाममा गरिब बस्तीमाथि डोजर चलाइन्छ तर प्रभावशाली व्यक्तिहरूले कब्जा गरेका सार्वजनिक जमिन वा अनियमित संरचनामाथि त्यही कठोरता देखिँदैन। यसले राज्यको निर्णय तटस्थ हुन सकेको छैन भन्ने देखाउँदछ।

गरिबका लागि कानुन कडा हुन्छ अनि अहिलेको अहिल्यै लागु हुन्छ तर शक्तिशाली अभिजात वर्गका लागि कानुन लचिलो हुन्छ, बिस्तारै लागु हुन्छ। यसैले सुकुम्वासी बस्तीमा भइरहेको कारबाहीलाई केवल कानुन कार्यान्वयनका रूपमा मात्र नभई राज्यसंयन्त्रमा विद्यमान शक्ति सम्बन्धको अभिव्यक्तिका रूपमा पनि बुझ्नु उपयुक्त हुन्छ।

राज्यका लागि डोजर चलाउनु भनेको सबैभन्दा छिटो र देखिने शक्ति प्रदर्शन हो। यसले तत्काल परिणाम दिन्छ। राज्य तथा प्रशासनको सक्रियता सबैले सहजै देख्न सक्छन्। तर, भूमिहीनको लगत सङ्कलन, उनीहरूको वर्गीकरण र जीविकोपार्जनसहितको पुनर्वासजस्ता प्रक्रियाहरू लामो समय लाग्ने जटिल प्रकृतिका हुन्छन्। त्यस्ता कार्यको परिणाम आजको भोलि देखिँदैन।

ती प्रक्रियामा संवाद, सहमति र दीर्घकालीन योजना आवश्यक पर्छ अनि लामो समय लिन्छ। यसै कारणले राज्य जहिले पनि पहिले हटाउने, पछि समाधान खोज्नेजस्तो सजिलो बाटो रोज्दछ। यस प्रवृत्तिलाई राज्यको धैर्यता तथा जिम्मेवारीबोधको अभावको रूपमा लिनु उपयुक्त हुन्छ।

नीति निर्माण तहमा रहेको संरचनात्मक विभेदले पनि ‘पहिले डोजर, पछि समाधान’ जस्ता प्रवृत्तिलाई नै बल पुऱ्याउँदछ। नीति निर्माता र योजनाकारहरू सुकुम्वासीलाई नागरिकको रूपमा नभई अतिक्रमणकारीको रूपमा मात्र देख्छन्।

यसले उनीहरूको मानव अधिकार र सामाजिक न्यायलाई बेवास्ता गर्छ। जब कुनै समूहलाई समस्याका रूपमा लिने राज्यको प्रवृत्तिले समाधानको माध्यमहरू मानवीयभन्दा शक्तिको प्रयोगलाई जोड दिन्छ। अनि तत्कालका विकल्पहरूमा छलफल गर्दै सहमतिमा समाधान खोज्नेभन्दा पनि पहिला विस्थापनपछि विकल्पको बाटो हिँड्दछ। अहिले भइरहेको यही हो।

अर्को महत्त्वपूर्ण सवाल, सुकुम्वासीहरूलाई एउटै नजरले हेर्नु सामाजिक अन्याय हो। समाजशास्त्रीय रूपमा हेर्दा, सुकुम्वासी समुदायभित्र गहिरो विविधता र स्तरीकरण देखिन्छ। सुकुम्वासी बस्तीमा यही समाजको चरित्र प्रतिविम्बित भएको छ।

यस्ता बस्तीमा वास्तविक रूपमा घरबारविहीन भएका मानिसहरू छन्। विपत्तिका कारण विस्थापित भएकाहरू छन्। द्वन्द्वका कारण आन्तरिक रूपमा विस्थापितहरू छन्। रोजगारी तथा अवसरको खोजीमा सहर छिरेका विपन्न मानिसहरू छन्। त्यति मात्रै होइन, कतिपय ‘हुकुम्वासी’ पनि छन्। कतिपय प्रणालीको दुरुपयोग गर्ने व्यक्ति पनि छन्, कतिपयले शोषण गरेका छन्। तर त्यही सीमित सङ्ख्यामा रहेका हुकुम्वासीहरूलाई आधार बनाएर सम्पूर्ण सुकुम्वासी समुदायलाई दोषी करार गर्ने शैली आफैंमा न्यायसङ्गत छैन।

अहिले राज्यले निर्वाह गरिरहेको भूमिकालाई गम्भीर रूपमा प्रश्न गर्नु अपरिहार्य छ। एक जिम्मेवार राज्यको चरित्र कल्याणकारी हुन्छ र हुनुपर्छ। यस्तो कल्याणकारी राज्यले आफ्ना प्रत्येक नागरिकको आधारभूत अधिकार र आवश्यकताको सुनिश्चितता गर्छ। तर, पछिल्लो समयमा राज्यले खेलेको भूमिका यसको विपरीत छ।

सरकारले आफ्नो कल्याणकारी चरित्रलाई गुमाउँदै सहरी सौन्दर्य, पुँजी, लगानी र जग्गाको मूल्यलाई मानिसको जीवनभन्दा माथि राखेर व्यवहार गरिरहेको छ। सहर विकासको नाममा गरिबलाई विकल्प नै नदिई विस्थापित गर्दै सहरी अभिजात वर्गका लागि सुविधा विस्तार गर्ने कार्य असमान विकासको प्रस्ट तस्वीर हो।

कानुनको कार्यान्वयन र अधिकार प्राप्तिबिचको असन्तुलन

*बाँकी पृष्ठ ३मा*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# ममता बनर्जी : ३४ वर्षे वामकिल्ला ढाल्ने महिला



भारतीय राजनीतिमा पश्चिम बङ्गाललाई एउटा अनौठो राजनीतिक प्रयोगशालाका रूपमा हेरिन्छ । यहाँ विचारधारा र व्यक्तित्वको टक्करले बारम्बार नयाँ इतिहास रच्ने गरेको छ । तीन दशकभन्दा लामो समयसम्म जरा गाडेर बसेको कम्युनिस्ट शासनलाई एउटी जुझारु महिलाको नेतृत्वले ढालिदियो । ती महिला हुन्– ममता बनर्जी ।

आज पश्चिम बङ्गालको राजनीतिमा 'दिदी' शब्द केवल सम्बोधन मात्र होइन, ममता बनर्जीको राजनीतिक प्रभावको पर्याय बनेको छ ।

विद्यार्थी राजनीतिबाट सुरु भएको उनको यात्रा केन्द्रीय मन्त्रालय हुँदै पश्चिम बङ्गालको मुख्यमन्त्री पदसम्म पुगेको हो । सन् २०११ मा ३४ वर्षे वामपन्थी शासन ढालेर सत्तामा पुगेकी ममताले त्यसयता लगातार तीन कार्यकाल राज्यको नेतृत्व गरिसकेकी छन् । अहिले उनी चौथो कार्यकालका लागि चुनावी मैदानमा छन् ।



### *३४ वर्षे वाम शासनको अन्त्य*

सन् १९७७ देखि २०११ सम्म पश्चिम बङ्गालमा कम्युनिस्ट पार्टी अफ इन्डिया (मार्क्सवादी) नेतृत्वको वाममोर्चाले लगातार शासन गऱ्यो । ज्योति बसुको नेतृत्वमा सुरु भएको शासनले भूमि सुधार र पञ्चायती व्यवस्थामार्फत ग्रामीण क्षेत्रमा बलियो पकड बनाएको थियो ।

तर समयसँगै शासन प्रणालीमा कठोरता, राजनीतिक हस्तक्षेप, भ्रष्टाचार र बेरोजगारी बढ्दै गयो । शिक्षित युवा रोजगारीका लागि राज्य बाहिरिन थाले भने प्रशासनमाथि पार्टी नियन्त्रणको आरोप चुलियो ।

अन्ततः सन् २०११ को विधानसभा निर्वाचनले बङ्गालको राजनीतिक इतिहासमै ठूलो परिवर्तन ल्यायो । ममता बनर्जीको नेतृत्वमा तृणमूल कांग्रेसले ३४ वर्षे वामकिल्ला ढाल्दै नयाँ राजनीतिक युग सुरु गऱ्यो ।

### *सिंगुर र नन्दीग्राम आन्दोलन*

ममता बनर्जीको राजनीतिक उदयमा सिंगुर र नन्दीग्राम आन्दोलन निर्णायक बने ।

सन् २००६ मा टाटा मोटर्सको 'नानो' परियोजनाका लागि सिंगुरमा उब्जाउ जमिन अधिग्रहण गरिएपछि किसान आन्दोलन चर्कियो । ममता किसानको पक्षमा उभिइन् । व्यापक विरोधपछि टाटा मोटर्सले परियोजना गुजरात सारेको थियो ।

त्यसपछि नन्दीग्राममा 'केमिकल हब' निर्माणका लागि जग्गा अधिग्रहणविरुद्ध आन्दोलन हुँदा प्रहरीले गोली चलाउँदा १४ जनाको ज्यान गयो । यस घटनाले बङ्गालभर वामविरोधी लहर सिर्जना गऱ्यो ।

ममताको नारा– "जमी आमरा छार्बो ना" (हामी हाम्रो जमिन छोड्दैनौं) गाउँ–गाउँमा फैलियो र यही आन्दोलनले उनलाई सत्ताको शिखरसम्म पुऱ्यायो ।

### *'जायन्ट किलर'को उदय*

सन् १९५५ मा कोलकातामा जन्मिएकी ममता बनर्जी विद्यार्थी राजनीतिबाट उदाएकी हुन् ।

सन् १९८४ मा २९ वर्षको उमेरमै जादवपुरबाट वाम नेता सोमनाथ चटर्जीलाई हराउँदै उनले 'जायन्ट किलर'को छवि बनाइन् । पछि कांग्रेस छाडेर सन् १९९८ मा अखिल भारतीय तृणमूल कांग्रेस गठन गरिन् ।

अटल बिहारी वाजपेयी र मनमोहन सिंह नेतृत्वका सरकारमा मन्त्रीसमेत बनेकी ममताले राष्ट्रिय राजनीतिमा पनि प्रभाव जमाइन् ।

### *लगातार चुनावी सफलता*

सन् २०११ पछि ममताको राजनीतिक पकड झन् बलियो बन्दै गयो ।

२०१६ मा तृणमूल कांग्रेसले २११ सिट जित्दै भारी बहुमत ल्यायो । २०२१ मा भाजपा आक्रामक रूपमा मैदानमा उत्रिए पनि तृणमूलले २१५ सिट जित्न सफल भयो । २०२४ को लोकसभा निर्वाचनमा पनि तृणमूलले पश्चिम बङ्गालका ४२ मध्ये २९ सिट जित्दै भाजपालाई पछि पाऱ्यो ।

विशेषगरी महिला मतदाताको बलियो समर्थन ममताको मुख्य राजनीतिक आधार बनेको छ ।

### *कल्याणकारी योजनाको प्रभाव*

ममता सरकारका 'कन्याश्री', 'लक्ष्मी भण्डार', 'रूपश्री', 'कृषक बन्धु' र 'दुआरे सरकार' जस्ता योजनाले ठूलो जनसमर्थन पाएका छन् ।

'कन्याश्री' योजनाले बालिका शिक्षा र बालविवाह नियन्त्रणमा प्रभाव पारेको छ भने 'लक्ष्मी भण्डार' योजनाले लाखौं महिलालाई मासिक आर्थिक सहयोग उपलब्ध गराएको छ ।

यिनै योजनाका कारण ग्रामीण महिला मतदाता ममताको मुख्य शक्ति बनेका छन् ।

### *विवाद र चुनौती*

लोकप्रियतासँगै ममता सरकार विभिन्न विवादमा पनि तानिएको छ ।

'सारदा चिट फन्ड', 'नारदा स्टिङ', शिक्षक नियुक्ति घोटाला र कोइला तस्करी प्रकरणले तृणमूल नेतृत्वमाथि प्रश्न उठाएको छ ।

राजनीतिक हिंसा, भ्रष्टाचार र प्रशासनिक हस्तक्षेपका आरोप पनि ममता सरकारमाथि लाग्दै आएका छन् ।

### *२०२६ को कठिन परीक्षा*

सन् २०२६ को विधानसभा निर्वाचन ममताका लागि सबैभन्दा कठिन परीक्षा मानिएको छ ।

भाजपाले हिन्दुत्व, अवैध घुसपैठ र भ्रष्टाचारलाई मुख्य चुनावी मुद्दा बनाएको छ भने ममताले सामाजिक सुरक्षा योजनालाई चुनावी अस्त्र बनाएकी छन् ।

मतदाता सूची विवाद, प्रशासनिक सरुवा र चुनावी ध्रुवीकरणले बङ्गालको राजनीति थप तातेको छ ।

विशेषगरी भवानीपुर क्षेत्र ममता बनर्जी र सुवेन्दु अधिकारीबीच प्रतिष्ठाको लडाइँ बनेको छ । यस क्षेत्रको परिणामले ममताको राजनीतिक भविष्य निर्धारण गर्ने विश्लेषण गरिएको छ ।

## सहरी सौन्दर्यकरणको .............

पनि यो घटनाले देखाउँदछ । सार्वजनिक जग्गा संरक्षण गर्नु राज्यको दायित्व हो । यद्यपि, नेपालको संविधानअनुसार आवासको अधिकार प्रत्येक व्यक्तिको मौलिक हक तथा आधारभूत मानव अधिकार हो । यी दुईबिच सन्तुलन मिलाउनु चुनौतीपूर्ण छ, तर असम्भव होइन ।

सस्तो सामूहिक आवासको व्यवस्था विकल्प हुनसक्छ । सरकारले पहिला यस्तो व्यवस्था गरेर मात्रै डोजर चलाएको भए कानुनको कार्यान्वयन र अधिकारको प्राप्तिबिचको असन्तुलनको समस्यालाई समाधान गर्न सहज हुन्थ्यो । तर जबरजस्तीको विस्थापनले तत्काल समाधान भएजस्तो देखिए पनि यसले भिन्न स्वरूपमा समस्या निम्त्याउने जोखिम देखिन्छ ।

सुकुम्वासी बस्ती हटाउँदै गर्दा आर्थिक दृष्टिकोणबाट पनि यसलाई विश्लेषण गरिनुपर्दछ । सुकुम्वासी बस्तीहरू सहरको अनौपचारिक अर्थतन्त्रको मेरुदण्ड नै हुन् । निर्माण मजदुर, सरसफाइकर्मी, यातायात सेवा प्रदायकलगायत सहरको दैनिकी सञ्चालनका लागि अत्यावश्यक पर्ने व्यक्तिहरू यस्तै बस्तीमा आश्रित थिए । उनीहरूलाई विकल्पबिना विस्थापित गर्नु सहरको श्रम आपूर्ति प्रणाली चक्रलाई भत्काउनु पनि हो । यदि यस्ता श्रमिकहरूलाई सहरबाट टाढा सारियो भने उनीहरूको जीविकोपार्जनमा असर त पर्छ नै, त्योभन्दा बढी श्रमको लागत बढ्न जाने देखिन्छ ।

अर्को सवाल भनेको यसले नेपालको राजनीतिक तहमा विद्यमान विरोधाभासलाई प्रस्ट रूपमा देखाउँदछ । निर्वाचनको अगाडि नेताहरूले डोजर नचलाउने भनेर सुकुम्वासीको पक्षमा बोल्छन्, गीत गाउँछन्, भाषण गर्दछन् । तर सत्तामा पुगेपछि डोजर चलाउँछन् । विगतका दिनहरूमा पनि नेताले व्यवस्थित गर्ने आश्वासन दिँदै चुनाव जिते, तर यस्ता गरिबलाई व्यवस्थित रूपमा बसोवासको व्यवस्था गर्न उदासीन रहे । अहिले डोजर चले छाती थापिन्छ भन्दै चुनाव जिते तर विकल्पबिना नै डोजर चल्दा मौन बने । यसले राजनीतिक विरोधाभासलाई बुझ्नका लागि गतिलो 'केस स्टडी' उपलब्ध गराउँदछ । राजनीतिकर्मीहरूलाई चुनाव जित्न जनताको समर्थन चाहिन्छ, तर जितेपछि त्यस्ता प्रतिबद्धता हेर्ने, सुन्ने र मनन गर्ने फुर्सद नै हुँदैन ।

अहिले त काठमाडौंजस्ता केही सीमित सहरी क्षेत्रमा डोजर चलिरहेको छ । यदि विकल्पबिनाको विस्थापन गर्ने प्रवृत्ति देशभर विस्तार भयो भने, यसले गम्भीर सामाजिक अस्थिरता निम्त्याउन सक्ने देखिन्छ ।

करिब ५० लाख मानिसहरूलाई प्रत्यक्ष रूपमा असर पर्ने मानवीय विकल्पबिना गरिएको विस्थापनले आक्रोश, असन्तोष र सामाजिक विद्रोह निम्त्याउन सक्छ । आधारभूत आवश्यकताबाट वञ्चित समूहहरू लामो समयसम्म विकल्पबिनाको उपेक्षाको सिकार भइरहे भने उनीहरूको प्रतिक्रिया सामाजिक मात्रै नभई राजनीतिक हुने देखिन्छ । यसतर्फ सरकार सचेत भएर तत्काल विकल्प र पुनर्स्थापनाको प्याकेज ल्याउनु आवश्यक छ ।

सुकुमवासी बस्तीमा अहिले चलिरहेको डोजरले 'सहर कसका लागि ?' भन्ने प्रश्न उठाएको छ । सहर केवल धनी वर्गका लागि, चम्किला सडक र अग्ला भवनका लागि मात्र नभई त्यहाँ काम गर्ने, पसिना बगाउने र सेवा दिने प्रत्येक नागरिकको पनि बन्न सक्नुपर्दछ । समावेशी सहरको अवधारणामा सहरीकरणको योजना बनाउनु अपरिहार्य छ । यसले सहरमा सबैको स्थान र अधिकारलाई सुनिश्चित गर्दछ ।

अर्को सवाल भनेको 'जमिन कि मान्छे ?' हो । जमिनको संरक्षण आवश्यक छ, तर त्यसका लागि मानिसलाई घरबारविहीन बनाउने कुरा सभ्य समाज र कल्याणकारी राज्यका लागि स्वीकार्य कुरा होइन । मानिसबिना जमिनको के नै पो अर्थ छ र ?

कानुन र नीतिहरू मानिसको हितका लागि बनाइन्छन्, मानिसलाई विस्थापित गर्नका लागि होइन । त्यसैले यस्ता व्यक्तिको पहिलो विकल्प अनि विस्थापनको नीति आवश्यक छ । राज्यले पहिला मान्छेको सुरक्षा अनि जमिनको संरक्षण नीति लिनुपर्दछ ।

इतिहासको मिहिन अध्ययन गर्ने हो भने आजका धेरै 'वैध' मानिएका जग्गाहरू विगतमा शक्ति, पहुँच र असमान संरचनाका आधारमा प्राप्त भएका हुन् । त्यसैले गरिबले बनाएको सानो झुपडीलाई 'अवैध' र शक्तिशालीले कब्जा गरेको ठूलो जमिनलाई 'वैध' भन्नु स्वयम्मा सामाजिक न्यायको दृष्टिकोणले युक्तिसङ्गत हुँदैन । त्यसैले यस्ता व्यक्तिलाई निश्चित स्थानमा पुनर्स्थापित गर्ने कार्य राज्यको दायित्वअन्तर्गत पर्दछ ।

प्रमुख भनिएका सुकुम्वासी बस्तीमा डोजर चलिसकेको छ । यस्तो अवस्थामा अब यस समस्याको दीर्घकालीन समाधानको लागि काम गर्नुपर्दछ । पहिलो, भूमि आयोगजस्ता संस्थाहरूलाई सक्षम, निष्पक्ष र पारदर्शी बनाउनुपर्छ ।

दोस्रो, सुकुम्वासी र 'हुकुम्वासी' बिच वैज्ञानिक र न्यायसङ्गत मापदण्डको आधारमा भिन्नता गर्नुपर्छ । तेस्रो, पुनर्वास कार्यक्रमलाई केवल आवाससँग सीमित नगरी जीविकोपार्जनसँग जोड्नुपर्छ ।

मानिसलाई घर दिइयो तर रोजगारीबाट टाढा सारियो भने, त्यो समाधान दिगो हुँदैन । त्यहाँ मानिस बस्न सक्दैनन् । जुन कुरा २०७२ को भूकम्पपछि बनेका सामूहिक आवासको असफलताले नै स्पष्ट पारिसकेको छ ।

अन्त्यमा, सुकुम्वासी समस्या देशको सामाजिक, आर्थिक र राजनीतिक संरचनासँग जोडिएको छ । त्यसैले यस समस्याको समाधान डोजरसँग छैन । बहुआयामिक रूपमा यसको समाधान गरिनुपर्दछ । सामाजिक करुणासहितको राजनीतिक इच्छाशक्ति, दीर्घकालीन योजना आवश्यक पर्दछ । जबसम्म राज्यले आफ्ना नागरिकलाई समस्याको रूपमा लिइरहन्छ र समाधानको हिस्सा मान्दैन, तबसम्म यस्ता समस्याहरू दोहोरिइरहनेछन् । *अनलाइनखबरडकमबाट*

# 'डोजर आतंक' बन्द गर्न आङ्देम्बेको माग

दैनिक समाचारदाता

काठमाडौं, २० वैशाख । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सुकुम्बासी बस्ती हटाउने नाममा राज्यले 'डोजर आतंक' मच्चाइरहेको आरोप लगाएका छन् ।

शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै नेता आङ्देम्बेले अव्यवस्थित बस्ती हटाउने नाममा गरिएको डोजर आतंकका कारण मानिसको ज्यानसमेत गएको बताए । राज्य आतंकको पर्याय बन्न नहुनेमा जोड दिँदै उनले सरकारलाई अभिभावकजस्तो बन्न र मानवीय संवेदनशीलता अपनाउन आग्रह गरे ।

विद्यालयमा डोजर चलाउँदा त्यहाँ अध्ययनरत सयौं विद्यार्थी भविष्यविहीन बनेको उल्लेख गर्दै उनले सुकुम्बासी समस्या समाधानका लागि स्पष्ट नीति, प्रक्रिया र सहकार्य आवश्यक रहेको बताए ।

राज्य सञ्चालनको शैली लोकतान्त्रिक हुनुपर्नेमा जोड दिँदै आङ्देम्बेले बल प्रयोगमार्फत गरिने व्यवस्थापनले नागरिकमा त्रास सिर्जना गर्ने र त्यसले विद्रोह जन्माउने चेतावनी दिए ।

मुलुकलाई व्यवस्थित र सुन्दर बनाउने विषयमा आफूहरूको कुनै असहमति नरहेको स्पष्ट पार्दै उनले खोलानाला, राजधानी तथा देशका विभिन्न भूगोललाई व्यवस्थित र आकर्षक बनाउने काम सबैको साझा चाहना भएको बताए । तर व्यवस्थित गर्ने नाममा विधि र प्रक्रिया मिच्न नहुनेमा जोड दिँदै उनले लोकतान्त्रिक मूल्य र मान्यताभित्र रहेर काम गर्न सरकारलाई सुझाव दिए ।

'हामीले मुलुकलाई व्यवस्थित गर्ने कुरामा कहाँ विमति जनाएका छौं ? हाम्रा खोलानाला थप सुन्दर बनून्, राजधानी र देशका विभिन्न भूभाग व्यवस्थित होऊन्, यो हामी सबैको चाहना हो,' उनले भने, 'तर शैली लोकतान्त्रिक हुनुपर्‍यो । जमिन सरकारको हुने, जनता कसको हुने ? भन्ने प्रश्न उठेको छ । व्यवस्थित गर्ने नाममा विधि र प्रक्रिया त हुनुपर्‍यो ।'



अव्यवस्थित बस्ती हटाउने नाममा गरिएको डोजर आतंकका कारण दुई जनाको मृत्यु भएको र सयौं विद्यार्थी भविष्यविहीन भएको दाबी गर्दै उनले राज्यले नागरिकलाई आतंकित बनाउने काम गर्न नहुने बताए ।

'जब मानिस मृत्युसम्म पुग्ने अवस्था आउँछ, जनता आतंकित हुन्छन् । राज्य आतंकको पर्याय बन्नु हुँदैन, राज्य त अभिभावक हुनुपर्छ,' उनले भने ।

उनले सुकुम्बासी समस्या समाधानलाई विधि र प्रक्रियाभित्र ल्याउन आग्रह गर्दै प्रतिपक्षका रूपमा सहयोग गर्न तयार रहेको बताए ।

'जसरी सुकुम्बासीको नाममा आतंक मच्चाइएको छ, त्यसलाई विधि र प्रक्रियाभित्र ल्याउनुस्, हामी प्रतिपक्षका रूपमा साथ दिन्छौं । तर डोजर चलाउनका लागि त हामीलाई बोलाउनुभएन नि !' उनले टिप्पणी गरे ।

*'चोर बाटोबाट देश चलाएर दिगो विकास हुँदैन'*

आङ्देम्बेले सरकार सङ्ख्याको बलमा विधि र प्रक्रिया मिचेर अघि बढिरहेको आरोप पनि लगाए । प्रतिपक्षले देखाएको सदाशयतालाई कमजोरीका रूपमा नलिन उनले सरकारलाई चेतावनी दिए ।

सरकारले जनताको अभिमतमा विश्वास नगरी संसद्लाई बन्धक बनाएर अध्यादेशमार्फत शासन चलाइरहेको आरोप लगाउँदै उनले 'चोर बाटो'बाट देश चलाएर दिगो विकास र शान्ति सम्भव नहुने जिकिर गरे ।

'जनताको अभिमतबाट प्राप्त यति ठूलो समर्थनलाई विश्वास नगरी जसरी चोर बाटोबाट आफूलाई जोगाउने प्रयास भइरहेको छ, त्यसले राम्रो सङ्केत दिँदैन,' उनले भने, 'चोर बाटोबाट हिँड्नेहरूले मुलुकलाई दिगो शान्ति र विकासतर्फ लैजान सक्दैनन् । यसले अन्ततः बुमर्‍याङ हुन्छ ।'

संसद् अधिवेशनको मिति घोषणा भएको ४८ घण्टा नबित्दै स्थगित गरिएकोप्रति उनले असन्तुष्टि जनाउँदै त्यसलाई 'बचकना कदम' को संज्ञा दिए ।

नीति तथा कार्यक्रम, बजेट र अन्य विषयमा संसद् तथा विषयगत समितिमा व्यापक छलफल हुनुपर्ने उल्लेख गर्दै उनले बलमिच्याइँको राजनीति त्याग्न सरकारलाई आग्रह गरे । सम्पत्ति शुद्धीकरणसम्बन्धी अध्यादेश राष्ट्रपतिबाट जारी भएको उल्लेख गर्दै उनले सबैको सम्पत्ति छानबिन गर्नुपर्ने धारणा पनि राखे । हालै सरकारमा गएकाहरूको समेत अस्वाभाविक सम्पत्ति देखिएको उनको भनाइ थियो ।

# वर्षाले राहत पनि, सास्ती पनि

दैनिक समाचारदाता

महोत्तरी, १९ वैशाख । निरन्तरको वर्षाले कृषि तथा वन क्षेत्रमा सकारात्मक प्रभाव पारे पनि ग्रामीण भेगका सडक हिलाम्मे हुँदा सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ ।

विशेषगरी महोत्तरीको बर्दीबास, गौशाला र औरही आसपासका उत्तरी क्षेत्रमा लगातार वर्षा भइरहेकाले कच्ची सडक बिग्रिएका छन् । सडकका खाल्टाखुल्टीमा पानी जम्दा हिँडडुल गर्न कठिन भएको छ भने कतिपय स्थानमा सडक पूर्ण रूपमा हिलाम्मे बनेका छन् । चुरे क्षेत्रका मडाहा, रातु र खयरमारा खोलामा आएको बाढीले उत्तरी भेगमा आवागमन मात्र नभई मेलापातसमेत प्रभावित भएको स्थानीयवासीले बताएका छन् ।

वर्षाका कारण तापक्रममा गिरावट आएको छ भने उखु, मुङ, लहरे तरकारी, आँप र लिची खेतीका साथै डढेलोबाट प्रभावित वन क्षेत्रमा राहत पुगेको छ । तर सडक बिग्रँदा उत्पादन बजारसम्म पुर्‍याउन किसानलाई समस्या भइरहेको छ ।

प्रभावित क्षेत्रका वडाध्यक्षहरूले कतै बजेट अभाव र कतै समयमै भुक्तानी नहुँदा सडक मर्मत तथा स्तरोन्नतिमा समस्या परेको बताएका छन् ।बर्दीबासको चुरे क्षेत्रमा पर्ने खयरमारा र टुटेश्वरका सडकमा पानी जमेर सवारी सञ्चालन प्रभावित भएको छ । नियमित चल्ने टेम्पो तथा साना सवारीसाधनसमेत अवरुद्ध हुँदा परवर, गोलभँडा र हरियो खुर्सानीजस्ता तरकारीको बजारीकरणमा कठिनाइ भएको किसानहरूको गुनासो छ ।

खोलामा पुल तथा वैकल्पिक बाटो नहुँदा विद्यार्थीलाई विद्यालय पुग्न र किसानलाई खेतबारी जानसमेत समस्या भइरहेको स्थानीय युवा अर्जुन बस्नेतले बताए । मडाहा, खयरमारा र बाँके नदीसहित विभिन्न खहरेले घेरिएको खयरमारा गाउँ वर्षा हुँदा झन् प्रभावित हुने गरेको उनले बताए ।

वडा नं. ११ का वडाध्यक्ष पूर्णबहादुर बलले आफू सडक समस्याबारे जानकार भए पनि बजेट अभाव र कानुनी प्रावधानका कारण चाहेर पनि सडक मर्मत तथा स्तरोन्नति गर्न नसकिएको बताए ।

## बाढीले भत्कायो...

सिरहाका प्रहरी उपरीक्षक(एसपी) वासुदेव पाठकले सुरक्षाका लागि घटनास्थलमा प्रहरी परिचालन गरिएको जानकारी दिए । उनका अनुसार कमला नदीमा पानीको बहाव बढ्दो रहेकाले जोखिमपूर्ण अवस्था सिर्जना भएको छ ।

हुलाकी राजमार्ग प्रयोग गरी कमला हुँदै धनुषा जाने नागरिकलाई वैकल्पिक बाटो प्रयोग गर्न घटनास्थलमा चार जना नेपाल प्रहरी खटाएको उनले बताए ।

हुलाकी राजमार्गअन्तर्गत पर्ने कमला नदी पुल निर्माणमा ढिलाइ हुँदा स्थानीयवासीले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् ।


## जातीय भेदभावको अन्त्य गरौं

*सबै मानिस समान हुन्,*

- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं । जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# पेस्तोल र लागुऔषधसहित काठमाडौंबाट ४ जना पक्राउ

दैनिक समाचारदाता

काठमाडौं, १८ वैशाख । पेस्तोल र लागुऔषधसहित चार जना पक्राउ परेका छन् ।

काठमाडौंको विभिन्न स्थानबाट पेस्तोल १ थान, सोही पेस्तोलको म्यागिजन ३ थान, सोही पेस्तोलको गोली ४ राउन्ड, एसएलआर हतियारको गोली २ राउन्ड र नियन्त्रित लागुऔषध ट्रामाडोल १६ हजार ७ सय ५० ट्याब्लेट सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बूढानीलकण्ठ नगरपालिका-५ बस्ने २३ वर्षीय कबिर देउला, ४२ वर्षीया सबिना पोडे, २६ वर्षीय सन्सार सिटौला र ललितपुर गोदावरी नगरपालिका-११ बस्ने २६ वर्षीय सुवास शाही रहेका छन् ।

लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त हातहतियार र लागुऔषध सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# मधेशमा लागुऔषधविरुद्ध महाअभियान

दैनिक समाचारदाता

जनकपुरधाम, १८ वैशाख । मधेश प्रदेश प्रहरी कार्यालयले लागुऔषध नियन्त्रणका लागि 'लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान' सञ्चालनमा ल्याएको छ।

महाअभियानअन्तर्गत शुक्रबार प्रदेशका आठवटै जिल्लाका प्रहरी प्रमुख तथा मातहतका प्रहरी चौकीलाई ब्रिफिङ गर्दै प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाले अभियानको औपचारिक शुभारम्भ भएको जानकारी दिनुभयो।

अभियानअन्तर्गत सीमावर्ती नाकामा लागुऔषध परीक्षण केन्द्र स्थापना गरिनेछ। 'ड्रग टेस्ट किट' प्रयोगमार्फत व्यक्तिले लागुऔषध सेवन गरेको छ वा छैन भन्ने पहिचान गरिने प्रहरीले जनाएको छ।

सीमाक्षेत्रमा नियमित आवतजावत गर्ने युवायुवतीको तथ्याङ्क सङ्कलन गरी निगरानीसमेत गरिने योजना रहेको छ।त्यस्तै, लागुऔषध सेवनकर्तालाई सीमा नाकामै एक घण्टे सचेतनामूलक प्रशिक्षण दिइनेछ। उनीहरूको अभिलेख तयार गरी नियमित ट्र्याकिङको व्यवस्था समेत मिलाइने प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

प्रदेश प्रहरीका अनुसार अभियानलाई प्रभावकारी बनाउन प्रदेश सरकार, स्थानीय तह, सुरक्षा निकाय तथा सरकारी एवं गैरसरकारी सङ्घसंस्थासँग सहकार्य गरिनेछ।

लागुऔषध सेवनकर्ताको उपचार, सुधार तथा सामाजिक पुनःस्थापनाका लागि खेलकुद, मनोरञ्जन, सीपमूलक तालिम र रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ।

यसैबीच, लागुऔषध ओसारपसार तथा कारोबारमा संलग्न औषधि पसल, अन्य स्थान र मुख्य कारोबारीलाई निगरानीमा राखी कडा कानुनी कारबाही गरिने चेतावनी समेत प्रहरीले दिएको छ।

प्रदेश प्रहरी कार्यालयले प्रदेश सरकार, स्थानीय तह र सरोकारवाला निकायको समन्वयमा महाअभियान अघि बढाइएको जनाएको छ।





विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४